# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :

चलानी नं. :

## प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले बजार स्थायित्व, सुरक्षित एवं सहज कारोबारका लागि समयानुकुल व्यवस्था गर्दै आएको छ । यसै सन्दर्भमा मिति २०६४/६/६ देखि लागु भएको बजार कारोबार स्थगन (Market Halt) सम्बन्धी व्यवस्थालाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवेशपछि बजारको संरचनामा आएको परिवर्तनलाई दृष्टिगत गर्दै कारोबारको सहज संचालनका लागि संशोधन गरिएको छ । यस अनुसार पहिले नेप्से परिसूचकमा हुने विन्दु (Point) वा अंकको आधार (क्रमशः १५, २० र २५ अंकको परिवर्तन भएमा १५ मिनेट, आधा घण्टा, र बाँकी पुरै कारोबार समय स्थगन हुने) मा बजार कारोबार स्थगित हुने गरेकोमा मिति २०६५/५/९ देखि प्रतिशत परिवर्तनका आधारमा देहाय अनुसार स्थगित हुने व्यवस्था गरिएको छ :

- कारोबार शुरु भएको पहिलो एक घण्टामा (एक बजेभित्र) नेप्से परिसूचक ३ प्रतिशतले परिवर्तन भएमा १५ मिनेटका लागि कारोवार स्थगन गर्ने ।
- यसरी स्थगन भएको कारोबार पुनः खुलेपछि उक्त परिसूचकमा ४ प्रतिशतले परिवर्तन भएमा अर्को ३० मिनेटका लागि कारोवार स्थगन गर्ने ।
- स्थगन भएको कारोबार पुनः खुलेपछि उक्त परिसूचकमा ५ प्रतिशत परिवर्तन भएमा उक्त दिन वाँकी पुरै समयको कारोवार स्थगन गर्ने ।

यस अघि नेप्सेमा भएको परिवर्तनलाई विन्दु वा अंकको आधार बनाएर कारोबार स्थगन गरिदै आएकोमा उक्त आधार स्थीर भई नेप्से परिसूचकमा परिवर्तन भए अनुसार समायोजन हुन नसक्ने भएकोले यो संशोधन गरिएको हो र प्रस्तुत संशोधनले परिसूचकको परिवर्तन अनुरुप प्रतिशतको आधारमा अंक पनि परिवर्तन भई कारोबार समेत गतिशिल हुदै जानेछ ।

अतः उपर्युक्त व्यवस्थाबाट मुख्यतः लगानीकर्ताहरु सतर्क भई कारोबारको तीब्र उतारचढाव नियन्त्रणमा आउने तथा कारोबार संचालन सहज हुने विश्वास यस लिमिटेडले लिएको छ ।

मिति : २०६५/५/९

(मुराहरि पराजुली)
सहायक प्रवक्ता